Australian Government
Department of Health, Disability and Ageing



# वृद्ध हेरचाह आवासका बासिन्दाहरूका लागि COVID -19 खोप सम्बन्धी जानकारी

सेप्टेम्बर 2025 सम्मको अद्यावधिक जानकारी।

वृद्ध हेरचाह आवासका बासिन्दाहरूलाई गम्भीर रोगबाट आफूलाई बचाउनको लागि उनीहरूको लागि सिफारिस गरिएको COVID -19 खोपहरू लगाउन प्रोत्साहित गरिन्छ। COVID -19 बाट गम्भीर परिणामहरूको लागि वृद्धावस्था सबैभन्दा ठूलो जोखिम कारक हो।

- **75 वर्ष वा सो भन्दा बढी उमेरका वयस्कहरूले** प्रत्येक **6 महिनामा** COVID -19 खोप लगाउनुपर्छ।
- **65 देखि 74 वर्षका उमेरका वयस्कहरूलाई** प्रत्येक **12 महिनामा** एक खुराक लगाउन सिफारिस गरिन्छ।
- **रोग प्रतिरोधात्मक क्षमता गम्भीर रूपमा कमजोर भएका (इम्युनोकम्प्रोमाइज) 18 देखि 64 वर्षका उमेरका वयस्कहरूलाई पनि** प्रत्येक **12 महिनामा** एक खुराक लगाउन सिफारिस गरिन्छ।

खोपले दिने सुरक्षा समयसँगै घट्छ, त्यसैले नियमित खुराकहरूले तपाईंको प्रतिरक्षा प्रणालीलाई बढावा दिन र गम्भीर रोग, अस्पतालमा भर्ना हुने वा मृत्युको जोखिम कम गर्न मद्दत गर्दछ।

COVID -19 खोपहरू वार्षिक फ्लू खोप लगाएकै दिनमा लगाउन सकिन्छ।

यदि तपाईंले सिफारिस गरिएको समयमा COVID -19 खोप लगाउनुभएको छैन भने, कृपया तपाईंको वृद्ध हेरचाह आवासलाई सकेसम्म चाँडो तपाईंको खोपको व्यवस्था गर्न भन्नुहोस्।

## सिफारिस गरिएको खोप कसरी लगाउने?

तपाईं योग्य हुने बित्तिकै तपाईंको सिफारिस गरिएको COVID -19 खोपको मात्रा प्राप्त गर्न सक्नुहुन्छ भन्ने कुरा सुनिश्चित गर्न तपाईंको वृद्ध हेरचाह आवास जिम्मेवार छ।

तिनीहरूले भेट्न आउने डाक्टर (जिपी), औषधीपसले (फार्मासिष्ट), वा अर्को प्राथमिक हेरचाह प्रदायकलाई घरमा ल्याउन र तपाईंलाई खोप दिन व्यवस्था गर्न सक्छन्। तपाईंलाई हालसालै COVID -19 भएको भए पनि तपाईंले COVID -19 खोप लगाउन सक्नुहुन्छ।

## अनुमति प्रदान गर्ने

वृद्ध हेरचाह आवासका सबै बासिन्दाहरूले COVID -19 खोप लगाउनु अघि मान्य अनुमति प्रदान गर्नुपर्छ।

तपाईंको वृद्ध हेरचाह आवास खोप लगाउनको लागि तपाईंको अनुमति प्राप्त गर्न जिम्मेवार छ।

वृद्ध हेरचाह प्रदायकहरूले खोप लगाइदिने पेशेवर स्वास्थ्यकर्मीसँग बासिन्दाहरूको अनुमति साझा गर्छन्, ताकि यसलाई Australian Immunisation Register (AIR) [अष्ट्रेलियाली खोप दर्तासूची]।

वर्तमान खोप सिफारिसहरूका बारेमा थप जान्न यहाँ हेर्नुहोस्ः https://www.health.gov.au/our-work/covid-19-vaccines/getting-your-vaccination

COVID-19 खोपको लागि सहमतिबारे थप जान्न यहाँ हेर्नुहोस्ः
https://www.health.gov.au/resources/publications/consent-for-covid-19-vaccination-for-older-people-including-aged-care-residents-families-and-carers

तपाईंको COVID -19 खोप लगाउने सहमतिबारे तपाईंको आवासका कर्मचारीले तपाईं, तपाईंको संरक्षक वा प्रतिनिधि निर्णयकर्तासँग छलफल गर्नेछन्। तिनीहरूले तपाईंलाई सहमति फारम पूरा गर्न मद्दत गर्नेछन्।

## संरक्षक वा प्रतिनिधि निर्णयकर्ताको सहमति

केही अवस्थाहरूमा, संरक्षक वा प्रतिनिधि निर्णयकर्ताले COVID -19 खोप लगाउन वृद्ध हेरचाहमा बसोबास गर्ने व्यक्तिलाई सहमति प्रदान गर्न आवश्यक पर्न सक्छ।

अष्ट्रेलियाका प्रत्येक राज्य र क्षेत्रका संरक्षकत्व र प्रतिनिधि निर्णयकर्ताका लागि आफ्नै कानून र आवश्यकताहरू छन्। यदि तपाईं एक बासिन्दाको तर्फबाट सहमति जनाउँदै हुनुहुन्छ भने, कृपया सहमति मान्य छ र कानूनी आवश्यकताहरू पूरा गर्दछ भनेर सुनिश्चित गर्न तपाईंको राज्य वा क्षेत्रको स्थायी संरक्षकत्व कानून हेर्नुहोस्।

वृद्ध हेरचाह आवासले सूचित निर्णय लिन सहयोग गर्न खोपको बारेमा जानकारी प्रदान गर्नेछ। संरक्षकहरूलाई आफ्नो निर्णय गर्दा बासिन्दाको ज्ञात इच्छा, चिकित्सा सल्लाह, र खोपको जोखिम र लाभहरू विचार गर्न प्रोत्साहित गरिन्छ।

## COVID -19 खोपका पार्श्व प्रभाव (साइड इफेक्ट) हरू

COVID -19 खोपको सामान्य साइड इफेक्टहरूमा हल्का टाउको दुख्ने वा हल्का ज्वरो आउने हुन्छ र सामान्यतया 24 घण्टा भन्दा बढी हुँदैन।

यदि तपाईंलाई कुनै चिन्ता छ भने, कृपया आफ्नो जीपि वा अन्य पेशेवर स्वास्थ्यकर्मीसँग कुरा गर्नुहोस्।

## खोपका प्रकारहरू

अष्ट्रेलियामा उपलब्ध सबै खोपहरूलाई कडा मूल्याङ्कन प्रक्रिया पछि Therapeutic Goods Administration (TGA) [औषधी तथा स्वास्थ्य सामग्रीहरूको प्रशासन] द्वारा स्वीकृत गरिएको हुन्छ।

तपाईंको खोप प्रदायकले तपाईंका लागि उपलब्ध खोप विकल्पहरूको बारेमा छलफल गर्न सक्छ।

थप जानकारीको लागि वृद्ध हेरचाहमा रहेका बासिन्दाहरूका लागि रहेको Department of Health, Disability and Ageing [स्वास्थ्य, अशक्तता र वृद्धावस्था विभाग] को वेबपेजमा हेर्नुहोस्: https://www.health.gov.au/our-work/covid-19-vaccines/information-for-aged-care-providers-workers-and-residents-about-covid-19-vaccines/residential-aged-care-residents?language=en